…………………….कृषक समूह

खैरहनी नगरपालिका वडा नं. ….
…………………, चितवनको

# बिधान

२०७….

## ......................कृषक समूह
## खैरहनी नगरपालिका वडा नं. ......., ..................., चितवनको बिधान
## २०७......

**प्रस्तावना :**

नेपाल कृषि प्रधान देश हो । अर्थतन्त्रको मेरुदण्ड कृषि क्षेत्र भएता पनि परम्परागत तरिका र आधुनिक कृषि प्रबिधिमा कृषकको पहुंचमा कमीको कारण कृषि क्षेत्रको बिकास हुनु सकेको छैन । कृषि क्षेत्रको विकास बिना देशको विकास को कल्पना गर्न सकिदैन । कृषि पेशालाई आधुनिक, मर्यादित र प्रतिस्पर्धी बनाई कृषि/पशुपंछी जन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित कृषि उपजको बजारीकरण गरि आय आर्जन बृद्धि गरि ग्रामिण कृषकको जीवनस्तर उठाउनको लागि बढी भन्दा बढी कृषकहरुलाई आधुनिक कृषि प्रणाली अपनाउने अवसर उपलब्ध गराउन जरुरी देखिन्छ । यसै उद्धेश्यले कृषि/पशुपंछी विकास संग सम्बन्धित निकाय/संघ/संस्थाहरु संग अन्तर सम्वन्ध कायम गर्दै स्थानीय कृषक र गाउं टोल सम्म कृषि/पशुपंछी सम्वन्धी उन्नत प्रविधि प्रसार गर्न तथा कृषकस्तरमा जनचेतना फैलाउन र सम्बन्धित निकायहरुबाट प्रदान गरिने सेवा उपभोग गरि कृषकहरुलाई कृषि पेशामा आत्मनिर्भर गराउनका लागी यस खैरहनी नगरपालिका वडा नं. ......, ....................................मा श्री .................................................................... कृषक समूह स्थापना र संचालन गर्न यो बिधान निर्माण गरिएको छ ।

### १. प्रारम्भिक

### १.१ संक्षिप्तनाम र प्रारम्भ

(क) यो समूहको नाम "..............................................................." रहने छ ।

(ख) यो समूहको ठेगाना **खैरहनी नगरपालिका वडा नं. ...., ...................**मा रहने छ ।

(ग) यो समूहको उदेश्य :...................................................

(घ) बिधान स्थापना मिति : २०७...../......./.......

(ङ) यो विधान खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

### १.२ परिभाषा :

विषय र प्रसंगको अर्को अर्थ नलागेमा यस विधानमा

(क) "समूह" भन्नाले विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपज वा पशुजन्य उत्पादन, उत्पादकत्व बढाई आय आर्जन बृद्धि गर्न इच्छुक कृषक समूहलाई जनाउछ ।

(ख) "सदस्य" भन्नाले यस ..........................................कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको ब्यक्तिलाई जनाउने छ ।

(ग) "पदाधिकारी" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगायत सम्पूर्ण सदस्यहरुलाई जनाउने छ ।

(घ) "साधारण सभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

(ङ) "वैठक" भन्नाले विधान वमोजिम बस्ने समूहको नियमित वैठक भन्ने सम्झनु पर्छ ।

**१.३ सुमहको छाप** : गोलो घेरा भित्र ..........................(चित्र) सहित श्री ..................कृषक समूह खैरहनी .................. स्थापित २०७.... हुनेछ ।

**१.४ समूहको कार्यालय :** यस समूहको कार्यालय खैरहनी नगरपालिकावडा नं. ...................... मा रहनेछ ।

**१.५ समूह दर्ता** : यस समूहको विधान खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखामा दर्ता गरिनेछ ।

**२. समूहको उद्देश्य र कार्य :**

२.१ **उद्देश्य**: सदस्यहरुको सामाजिक, आर्थिक र कृषि पशुजन्य ब्यावसायिक हितलाई ध्यानमा राखी देहायमा उल्लेखित उद्देश्यहरु हुनेछन् :

(क) कृषि ब्यवसायलाई आधुनिकीकरण, ब्यवसायिकरण एवं विविधिकरण गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्नका लागि एकजुट भई काम गर्ने ।

(ख) सदस्यहरुको आर्थिक एवं सामाजिक जीवनस्तर उठाउने ।

(ग) सदस्यहरुमा स्वावलम्बी, सामूहिक तथा पारस्पारिक सहयोग र मितब्ययिताको भावना विकास गर्ने ।

**२.२ कार्यहरु :**

विधानको दफा २.१ बमोजिमका उद्देश्यहरु हासिल गर्न समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

(क) गुणस्तरीय खाद्यान्नवाली/ताजा तरकारी/तरकारी बीउ/आलु/फलफूल/अदुवा/माछा/मौरी लगायतका नगदेबाली तथा पशुपंछी जन्य वस्तु उत्पादन र विकी वितरण गरी समूह सदस्यहरुको आय आर्जन वृद्धि गर्न बिभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

(ख) कृषकहरुलाई समूहमा संगठित गरी संस्थागत विकास मा जोड दिने ।

(ग) सदस्यहरु बीच आपसी सहयोगको भावना विकास गर्ने  र आयआर्जन अभिबृद्धिका लागि नियमित बचत गर्ने बानी बसाल्ने र आवश्यक परेको बेला हितकोष रकमबाट खाँचोपुरा गर्ने ।

(घ) समूहको निरन्तरता र प्राविधिक सर-सल्लाहको लागि सम्वन्धित निकायहरुसंग सम्पर्क र समन्वय राख्ने ।

(ङ) समूहले कृषि र पशुपालन व्यबसाय संचालन गर्नको लागी आफ्ना सदस्यहरुलाई सहयोग गर्ने छ ।

(च) परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई  व्यबसायिकरण गर्दै आधुनिक एवं वैज्ञानिक तरिकाले खेती गर्न तर्फ उत्प्रेरीत गर्ने ।

(छ) कृषि योग्य जमिनलाई संरक्षण र सर्वद्धन गरी जैविक विविधता संरक्षण कार्य गर्ने ।

(ज) सदस्यहरुको सीप विकास गर्नकोलागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरि संचालन गर्ने ।

**३. सदस्यता:**

एउटै स्थानका, एकै उद्धेश्यएवं समान आर्थिक अवस्थ भएका र यस समूहको विधानको परिधिभित्र रहने ईच्छा ब्यक्त गरेकाब्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ ।

**३.१ सदस्यहरुको योग्यता :**

(क) खैरहनी नगरपालिका वडा नं. ....................................मा स्थाई रुपमा वसोवास गरेको ।

(ख) कृषि पेशामा संलग्न भई आय मूलक कार्यक्रमम ाभाग लिएको हुनु पर्ने

(ग) समूहको उद्धेश्य अनुसारको काम गर्ने हुनु पर्ने ।

(घ) समूहको विधानलाई विना शर्त स्वीकार गर्न मञ्जुरी भएको ।

(ङ) कृषक कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

**३.२ साधारण सदस्य:**

सदस्यता शुल्क रु. .......तिरी साधारण सदस्यताको निवेदन दिई समूहको बैठक निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सकिनेछ । समूह गठन भैसकेपछि कुनै ब्यक्तिले समूह सदस्य बन्न

चाहेमा समूहमा आबद्ध प्रति सदस्य बराबर उक्त मिति सम्ममा संचित हितकोष रकम तथा नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

**३.३ सदस्यता शुल्क :**

समूह सदस्यहरुले प्रवेश शुल्क वापत रु. ............ तिरी सदस्यता प्राप्त गर्न सकिने छन् ।
उक्त सदस्यता वार्षिक रु. ............. तिरी नविकरण गर्नु पर्ने छ ।

**३.४ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता) :**

क) सदस्यतावाट राजिनामा दिएमा ।
ख) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिना सम्म नतिरेमा वा नियमानुसार सदस्यता शुल्क नवुझाएमा वा नविकरण नगरेमा ।
ग) लगातार ३ पटक सम्म वैठकमा विना सूचना अनुपस्थित भएमा ।
घ) विधानविपरित कार्य गरेमा तथा वैठकको निर्णय पालना नगरेमा ।
ङ) सदस्यको मृत्यु भएमा ।
च) कृषि पेशा त्यागी अन्य कार्य थालेमा ।
छ) स्थाई वसोवास अन्यत्र सारेमा ।

## ४. पदाधिकारीहरुको गठन प्रकृया र साधारण सभा :

### ४.१ पदाधिकारीहरुको गठन

यस विधानको दफा ३(३.१) बमोजिम योग्यता पुगेका व्यक्तिहरु तपसिल बमोजिम ५ जना पदाधिकारीहरु तथा समूहका बाँकी सबै व्यक्तिहरु सदस्य रहने व्यवस्था गरिएकोछ ।

अध्यक्ष : श्री ..................................................
उपाध्यक्ष : श्री ..................................................
सचिव : श्री ..................................................
सहसचिव : श्री..................................................
कोषाध्यक्ष : श्री..................................................
सदस्यहरु :
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................
श्री ..................................................

श्री ..................................................
श्री ..................................................
श्री ..................................................

सल्लाहकार सदस्य :

तपसिलका ब्यक्तिहरु यस समूहका सल्लाहकार रहने छन् ।

- ............................................
- ............................................
- ............................................
- ............................................

**४.२ साधारण सभा :**

समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ जुन समूहको सर्वोच्च निकाय हुनेछ । साधारण सभाको अधिवेशन वर्षमा १ पटक बस्नेछ । तर आवश्यकता परेमा जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ । साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले बिधान संशोधन गर्न सक्नेछ ।

**४.३ समूहको बैठक :**

क) समूहको नियमित बैठक प्रत्येक महिनाको .........गते बस्नेछ । । तर आवश्यकता परेमा कुनै पनि समयमा समूहको आकस्मिक वैठक बस्न सक्ने छ ।

ख) वैठक वस्ने मिति स्थान र समयको जानकारी सचिवले समयमानै अन्य सदस्यहरुलाई दिनु पर्ने छ ।

ग) यसै विधानमा उल्लेख भए वाहेकको विषयमा वैठककमा उपस्थित सदस्यको बहुमतले पारित गरेको निर्णय मान्यहुनेछ ।

घ) कुनै कारणवस वैठक सार्नु परेमा अध्यक्षले कारण जनाई सार्न सक्ने छ । र सोको जानकारी सवै सदस्यहरुलाई कम्तीमा.........दिन अगाडी दिनु पर्ने छ ।

ङ) वैठकमा भएका निर्णयहरु समूहको वैठक खातामा उल्लेख गरी उपस्थित पदाधिकारीहरुको हस्ताक्षर सहित राख्नु पर्ने छ ।

**४.४ गणपुरक संख्या :**

क) पहिलो पटक वोलाइएको वैठकमा जम्मा सदस्यहरु मध्ये कम्तीमा ५१ प्रतिशत संख्या हुनु आवश्यक छ ।

ख) दोश्रो पटक वोलाइएको वैठकमा कम्तीमा ३३ प्रतिशत संख्या हुनु आवश्यक छ ।

ग) तेश्रो पटक वोलाइएको वैठकमा कम्तीमा २० सदस्य भए पनि मान्य हुनेछ ।

## ५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

**<u>क) अध्यक्ष :</u>**

- वैठकको सभापतित्व गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- सम्वन्धित निकायहरु संग सम्पर्क राख्ने ।
- समूहको नेतृत्व र निर्णय लिने ।
- समूहको छलफल द्वारा सदस्यहरुको जिम्मेवारी वाड्ने ।
- समूहको निर्णय अनुरुप समूहको कार्यक्रम तर्जुमा गर्ने वुझाउने ।

- समूहको नीति नियम र पालना गर्न प्रेरणा दिने ।
- समूहको चल अचल सम्पत्तिको रेकर्ड अद्यावधिक राख्ने ।
- वैठकमा आएको प्रस्तावहरु समूहले निर्णय गर्न सकेन भने निर्णय गर्ने ।

**ख) उपाध्यक्ष :**

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने ।
- समूहले तोकेको कार्यहरु गर्ने ।

**ग) सचिव :**

- अध्यक्षलाईआवश्यक सहयोग गर्ने ।
- वैठकमा निर्णयहरु लेख्ने र सम्वन्धित ठाँउमा पठाउने ।
- समूहको नीति नियम तथा बैठक निर्णय एवं साधारा सभाबाट पारित निर्णय कार्यान्वयनका लागि पहल गर्ने ।
- समूहको कार्यकम सम्वन्धि जानकारी सम्वन्धित निकाय तथा व्यक्तिहरुलाई आवश्यकता अनुसार दिने र पत्राचार गर्ने ।
- समूह सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
- अध्यक्ष संग आवश्यक सर सल्लाह गरी समूहको नियमित तथा आकस्मीक वैठक वोलाउने ।

**घ) सहसचिव :**

- सचिवको अनुपस्थितीमा सम्पूर्ण समूह सदस्यहरुको रायलिई सचिवको जिम्मेवारी वहन गर्ने ।

**ङ) कोषाध्यक्ष :**

- समूहको खाता नियमीत रुपमा संचालन गर्ने ।
- समूहको हिसाव किताव नियमीत रुपमा स्पष्ट र ठिक राख्ने ।
- हितकोषको सदुपयोग तथा संचालनको लागि कार्य योजना वनाउने ।
- हितकोष एवं समूहको आर्थिक विवरण तथा चल अचल सम्पति विवरण दुरुस्त र सुरक्षित राख्ने ।
- अख्तियारवाला व्यक्ति वा संस्थाले कुनै पनि विवरण चाहेको अवस्थामा समूहको आर्थिक कारोवार बिबरण देखाउने ।

**च) सदस्यहरु :**

- समूहको वैठकमा उपस्थित भई छलफलमा भाग लिने ।
- यस समूहको कार्यक्रम र योजनाहरुको सफलताको लागि रचनात्मक भूमिका खेल्ने ।
- अध्यक्षले जिम्मादिएको कामगर्ने ।
- कृषकहरुको समस्यालाई समितिमा छलफल गराउन प्रस्तावल्याउने ।

**६. निर्वाचन विधि :**

निर्वाचन पूर्ण प्रजातान्त्रिक तरीकावाट संचालन गरिने छ । यसरी निर्वाचन गर्दा आवश्यक परेमा सम्वन्धित निकायहरुवाट वा गाउँले गन्य मान्य व्यक्तिहरुको समेत सहयोगको लागि समूहको निर्णय अनुसार सहयोग लिन सकिनेछ ।

**७. पदावधि :**

समूहका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल २ वर्षको हुने छ । समयमा निर्वाचन हुन नसकेको खण्डमा अर्को निर्वाचन वा पुनर्गठन नहुन्जेल सोही पदाधिकारीले काम कार्वाही गर्ने छन् । यस प्रकार कार्य अवधि वढिमा ३ महिनाको हुने छ ।

**८. रिक्त स्थानको पदपूर्ति तथा सदस्य थप घट :**

कुनै पनि कारणले कुनै पनि पद रिक्त भएमा रिक्त पदको लागि पद रिक्त भएको एक महिना भित्र समूह सदस्यहरुवाट वहुमतले पास गरिएको व्यक्ति रिक्त पदमा वहाल हुनेछ ।
समूह सदस्य थप गर्न परेमा वा कुनै सदस्यले समूह छोडेमा समूह बैठकको बहुमत ले निर्णय गर्नु पर्नेछ ।

**९. कोष व्यवस्था तथा परिचालन :**

**९.१ आर्थिक श्रोत :**

सदस्यता प्रवेश शुल्क, नविकरण शूल्क, मासिक बचत रकम, विभिन्न संघ संस्थाबाट प्राप्त हुने अनुदान, ऋण लगानीबाट प्राप्त हुने ब्याज, विलम्ब शुल्क तथा अन्य कुनै श्रोतबाट प्राप्त हुने रकमहरु समूहको आम्दानीको श्रोत हुनेछन् ।

**९.२ हितकोष :**

यस समूहको एक हितकोष स्थापना हुनेछ । अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने गरि समूहको नाममा बैंक खाता खोलिनेछ ।

**९.२ हितकोष परिचालन :**

- हितकोष रकम समूहको वैठकबाट निर्णय गरिसमूह सदस्यहरुमा मात्र कृषि उत्पादन तथा अन्य कार्यमा परिचालन गर्न सकिने छ ।
- समूहको वैठकबाट निर्णय गरि हितकोष रकमबाट ऋण लगानी, ऋण किस्ता असुली गर्ने, सांवां र ब्याज तिर्ने समयावधी तथा ब्याजदर सम्बन्धि नियमहरु बनाईनेछ ।
- कुनै सदस्यले समूह छोड्न चाहेमा नीजको नाममा संकलन भएको हितकोष रकमबाट ५ प्रतिशत कट्टागरि बांकी रकम फिर्ता दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा नीजले बचत गरेको सम्पूर्ण रकम नीजको सबै भन्दा नजिकको हकवालालाई समूहले दिने ब्याज सहित फिर्ता दिईनेछ ।

**१०. विधान संशोधन :**

यस विधानमा संशोधन गर्न परेमा कूल सदस्य संख्याको कम्तिमा दुई तिहाई बहुमतले पारित गरि संशोधनको लागि खैरहनी नगरपालिका कृषि विकास शाखामा पेश गर्नु पर्नेछ । कृषि विकास शाखाबाट स्वीकृती प्राप्त भए पछि विधान संशोधन भएको मानिनेछ ।

**११. नियम बनाउने:**

साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ ।

**१२. विघटन:**

समूहको विधान बमोजिम कार्य संचालन गर्न नसके वा उद्धेश्य प्राप्त गर्न असफल भएवा २ वर्ष सम्म समूह नविकरण नभएमा समूह बिघटन हुनेछ। यसरी समूह विघटन भए हितकोष रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ।

समूह पदाधिकारी तथा सम्पूर्ण सदस्यहरुको नामावली र विवरण

| क्र स. | पद | नम | शैक्षिक योग्यता | उमेर (वर्ष) | जमिन( कट्ठा) | घरमा परिवार संख्या | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | | | |
| २ | उपाध्यक्ष | | | | | | |
| ३ | सचिव | | | | | | |
| ४ | कोषाध्यक्ष | | | | | | |
| ५ | सदस्य | | | | | | |
| ६ | सदस्य | | | | | | |
| ७ | सदस्य | | | | | | |
| ८ | सदस्य | | | | | | |
| ९ | सदस्य | | | | | | |
| १० | सदस्य | | | | | | |
| ११ | सदस्य | | | | | | |
| १२ | सदस्य | | | | | | |
| १३ | सदस्य | | | | | | |
| १४ | सदस्य | | | | | | |
| १५ | सदस्य | | | | | | |
| १६ | सदस्य | | | | | | |
| १७ | सदस्य | | | | | | |
| १८ | सदस्य | | | | | | |
| १९ | सदस्य | | | | | | |
| २० | सदस्य | | | | | | |
| २१ | सदस्य | | | | | | |
| २२ | सदस्य | | | | | | |
| २३ | सदस्य | | | | | | |
| २४ | सदस्य | | | | | | |
| २५ | सदस्य | | | | | | |

हाल सम्मको हितकोष रकम रु :

# अनुसुची १

क. वार्षिक कार्य योजना

| क्र.सं. | विवरण | ईकाइ | परिमाण | रकम | स्वामित्व |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |